# स्वयंसेवक संलग्नताको लागि सबैभन्दा उत्तम अभ्यास

## Best Practice for Volunteer Involvement

## मार्गदर्शक / Guide

Nepali | नेपाली

**स्वयंसेवकहरू समावेश गर्दा, संगठनले स्वयंसेवकहरूले उनीहरूको सेवाको कुन भाग बढाउने हो भनेर पहिचान गर्न आवश्यक छ। स्वयंसेवकहरूका लागि सही संरचना हुनु सफल कार्यक्रमको कुञ्जी हुन सक्छ।**

अर्को चरण भनेको कुन प्रकारका भूमिकाहरू आवश्यक छन् र यी भूमिकाहरूमा के समावेश हुनेछन् भनेर विचार गर्नु हो। स्पष्ट निर्देशन र सहायताको साथ स्वयंसेवकहरूका लागि पूर्ण र इनामदायी भूमिकाहरू प्रदान गर्ने लक्ष्य राख्नु महत्त्वपूर्ण छ।

स्वयंसेवा दुई तर्फी अवसर हो। स्वयंसेवकहरूले संगठनमा समय, सीपहरू र अनुभव सहितका महत्त्वपूर्ण फाइदाहरू ल्याउँछन्। स्वयंसेवक संलग्नताले संस्थाको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने क्षमतामा योगदान दिन सक्छ, साथै समुदायमा तपाईंको संस्थाको प्रतिष्ठालाई बढाउन सक्छ। स्वयंसेवकहरू उनीहरूको आवश्यकता र चासोहरूसँग मेल खाने भूमिकाहरूमा फस्टाउनेछन्। यी बिन्दुहरूलाई विचार गर्दा स्वयंसेवकको लागि अर्थपूर्ण अनुभव प्रदान गर्न मद्दत गर्नेछ।

### स्वयंसेवक संलग्नताको लागि राष्ट्रिय मानक

**तपाईंले एक्लै पाइला चाल्नु पर्दैन।** National Standards for Volunteer Involvement स्वयंसेवक संलग्नताका लागि राष्ट्रिय मानकहरू (राष्ट्रिय मानकहरू) स्वयंसेवक संलग्नतालाई मार्गदर्शन दिनको लागि सबैभन्दा उत्तम अभ्यास ढाँचा हो। तिनीहरू स्वयंसेवकहरूलाई संलग्न गर्ने सबै संस्था र समूहहरूका लागि उपयोगी स्रोत हुन्।

### राष्ट्रिय मानक भनेको के हो?

राष्ट्रिय मानकहरू सुरूमा Volunteering Victoria द्वारा स्थापित गरिएको थियो। स्वयंसेवा अष्ट्रेलियाद्वारा१९९७ मा स्वयंसेवक-संलग्न संस्थाहरू (भी.आई.ओ.हरू) र अष्ट्रेलियाभरका स्वयंसेवकहरूको योगदानमा तिनीहरू परिमार्जन र संकलित गरिएका थिए। क्षेत्र-व्यापी परामर्श पछि, राष्ट्रिय मानकहरू २०२४ मा ताजा गरियो। त्यहाँ समर्थित जानकारीको एउटा विस्तृत श्रृंखला पनि छ जसले थप मार्गदर्शन प्रदान गर्दछ।

राष्ट्रिय मानकहरू पछ्याउन सजिला छन् र स्वयंसेवाका विभिन्न रूपहरूमा अनुकूलनीय छन्। तिनीहरूले स्वयंसेवकहरूको अनुभव सुधार गर्न र स्वयंसेवकहरूको भलाइलाई समर्थन गरेको सुनिश्चित गर्न मद्दत गर्दछन्, र तिनीहरूका योगदानहरू मूल्यवान छन्।

राष्ट्रिय मानकहरूले प्रभावकारी स्वयंसेवक संलग्नताका लागि आठ प्रमुख क्षेत्रहरूलाई उजागर गर्दछन्:

1. **स्वयंसेवा भनेको नेतृत्व, शासन र संस्कृतिमा सम्मिलित छ।**
   » स्वयंसेवक अग्रणीहरूलाई सहायता दिइन्छ र स्पष्ट जिम्मेवारीहरू प्रदान गरिन्छ। प्रभावकारी प्रणाली, नीति र प्रक्रियाहरू स्वयंसेवक सहभागितालाई समर्थन गर्न विकास र कार्यान्वयन गरिन्छ।

2. **स्वयंसेवक सहभागिताको समर्थन गरिन्छ र यसलाई नमुना बनाइएको छ।**
   » स्वयंसेवक सहभागिता संगठनको दृष्टि, हेतु, लक्ष्य र उद्देश्यहरूको अंश हो र स्वयंसेवक संलग्नता मार्फत विकसित हुन्छ। स्वयंसेवकको सहभागिताका लागि स्वयंसेवक व्यवस्थापन र स्रोतहरू पर्याप्त रूपमा विनियोजन गरिएको छ।

3. **स्वयंसेवक भूमिकाहरू अर्थपूर्ण र अनुकूल हुन्छन्।**
   » स्वयंसेवकहरू अर्थपूर्ण भूमिकाहरूमा संलग्न हुन्छन् जसले संगठन वा क्लबको उद्देश्यमा योगदान पुर्‍याउँछन्। भूमिकाहरू योजना गरिन्छन् र स्वयंसेवकहरूसँग उनीहरूको आवश्यकता र चासोहरू विचार गर्नको लागि सम्झौता गरिन्छन्। स्वयंसेवकहरूसँग उनीहरूको अनुभवको बारेमा संलग्नता गर्ने मार्फत भूमिकाहरूको समीक्षा गरिन्छन्।

4. **भर्ती न्यायोचित छ र विविधता मूल्यवान छ।**
   » स्वयंसेवक भर्ती र चयन गर्ने रणनीतिहरू सान्दर्भिक चासो, ज्ञान र सीपहरू भएका मानिसहरूलाई आकर्षित गर्न योजना गरिएको हो। चयन भेदभाव विरोधी कानूनसँग मिल्दोजुल्दो छ। छान्ने प्रक्रियाहरूले कानूनी आवश्यकताहरू र नियमहरू अनुरूप सेवा प्राप्तकर्ताहरू, कर्मचारीहरू र स्वयंसेवकहरूको सुरक्षा र संरक्षा कायम राख्छन्।

5. **स्वयंसेवकहरूलाई सहायता दिइन्छ र विकास गरिन्छ।**
   » प्रेरणा, तालिम र सुपरिवेक्षण प्रदान गर्नाले स्वयंसेवकहरूलाई सुरक्षित र प्रभावकारी रूपमा भाग लिन सहायता गर्दछ। स्वयंसेवकहरूले आफ्नो भूमिकाबारे बुझ्छन् र सहभागी हुन आवश्यक ज्ञान, सीप र प्रतिक्रिया प्राप्त गर्छन्।

6. **स्वयंसेवकको सुरक्षा र कल्याण सुरक्षित छ।**
   » स्वयंसेवकहरूले आफ्नो अधिकार र जिम्मेवारीहरू बुझ्छन्। सान्दर्भिक बीमा सहित स्वयंसेवकहरूको स्वास्थ्य, सुरक्षा र भलाइको सुरक्षा गर्न प्रक्रियाहरू राखिएका छन्। स्वयंसेवकहरूले उजुरी प्रक्रियाहरू बुझ्छन् र पहुँच गर्छन्।

7. **स्वयंसेवकहरूलाई मान्यता दिइन्छ।**
   » स्वयंसेवकको योगदान, मूल्य, र प्रभाव बुझिन्छ, सराहना गरिन्छ, र स्वीकार गरिन्छ। स्वयंसेवकको स्वीकृति स्वयंसेवकका लागि उपयुक्त छ र सांस्कृतिक मूल्य र दृष्टिकोणको सम्मान गर्दछ।

8. **नीति र अभ्यासहरू निरन्तर रूपमा सुधार भइरहेका छन्।**
   » नीति र प्रक्रियाहरू स्वयंसेवक संलग्नताका सबै पक्षहरूलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्न योजना र कार्यान्वयन गरिएका छन्। स्वयंसेवकहरूका लागि आफ्ना अनुभव र संगठनको कामको सान्दर्भिक क्षेत्रहरूमा प्रतिक्रिया प्रदान गर्नका लागि अवसरहरू उपलब्ध छन्।

राष्ट्रिय मानकहरू अनिवार्य छैनन्। बरू, तिनीहरूले स्वयंसेवक कार्यक्रमको योजना बनाउन, स्थापना गर्न वा सुधार गर्नको लागि एउटा रूपरेखा प्रदान गरेर संगठनहरूलाई सूचित गर्न मद्दत गर्छन्। राष्ट्रिय मानकहरूको आधारमा मापचिन्ह गर्नाले संस्था र स्वयंसेवकहरू दुवैलाई धेरै फाइदा पुर्‍याउन सक्छ।

## तपाईंको शिर उच्च राख्नुहोस्

स्वयंसेवा कार्यक्रमहरूको व्यवस्थापन गर्ने धेरै व्यक्तिहरूले त्यसो अलग्गै गर्छन्, वरिपरि हेर्ने र अरूले यो कसरी गरिरहेका हुन सक्छन् भनेर हेर्ने थोरै मात्र मौकाहरू हुन्छन्। राष्ट्रिय मानकहरूले त्यसो गर्ने संरचित तरिका प्रस्ताव गर्दछन् - चाहे तपाईं

नयाँ कार्यक्रम तयार गर्दै हुनुहुन्छ वा अवस्थितको मूल्याङ्कन गर्दै हुनुहुन्छ।

राष्ट्रिय मानकहरूले तपाईंलाई स्वयंसेवकहरूसँग काम गर्न वा तपाईंको नीति र प्रक्रियाहरूमा महत्त्वपूर्ण कमीहरूको पहिचान गर्न नयाँ विचारहरू प्रदान गर्न सक्छन्। तिनीहरूले तपाईंको प्रशासनिक प्रणालीलाई सुव्यवस्थित गरेर दीर्घकालीन रूपमा तपाईंको समय र प्रयास पनि बचत गर्न सक्छन्। राष्ट्रिय मानकहरू लागू गर्ने लक्ष्यमा टोलीलाई समावेश गर्नु इनामदायी र उत्प्रेरक हुन सक्छन्।

तपाईंको संगठन भित्रको स्वयंसेवाको अवस्थाले राष्ट्रिय मानकहरूले प्रतिनिधित्व गर्ने सामूहिक र राष्ट्रिय रूपमा मान्यता प्राप्त दृष्टिकोणबाट फाइदा लिन्छ। त्यस्तै गरी, स्वयंसेवक-संलग्न संस्थाहरूले व्यावसायिकता, संगठन, र स्वयंसेवकहरूलाई प्रभावकारी रूपमा संलग्न, समर्थन र सशक्तिकरण गर्न आवश्यक पर्ने प्रयासको सार्वजनिक मान्यताबाट लाभ उठाउँछन्।

## तिनीहरू तपाईंको लागि काम लाग्ने खालको बनाउनुहोस्

राष्ट्रिय मानकहरू व्यापक छन् र संगठन र कार्यक्रमका प्रकारहरूको विस्तृत दायराका लागि उपयोगी हुन योजना गरिएका छन्।

केही संस्थाहरूले सबै राष्ट्रिय मानकहरू मार्फत काम गर्ने छनौट गरेतापनि, तपाईंले अहिले आफ्नो कार्यक्रमका लागि सबैभन्दा सान्दर्भिक र महत्त्वपूर्ण क्षेत्रहरू पहिचान गर्न र त्यसमा ध्यान केन्द्रित गर्न सक्नुहुन्छ।

## थप जानकारी

स्वयंसेवाको लागि भिक्टोरियाको शिखर निकायको रूपमा, तपाईं सधैँ भरपर्दो स्रोत र सल्लाहको लागि हामीकहाँ आउन सक्नुहुन्छ। *स्वयंसेवक संलग्नताको लागि उत्तम अभ्यासको* बारेमा तपाईंको बुझाइ जारी राख्न तल केही उपयोगी लिङ्कहरू र स्रोतहरू छन्।

» समयमै र भरपर्दो सहयोग, तालिम, स्रोतहरू र विशेषज्ञ सल्लाहका साथ स्वयंसेवाका सबै कुराको लागि तपाईंलाई चाहिने स्रोत भनेको नै स्वयंसेवा भिक्टोरिया वेबसाइट हो।

**तपाईंले खोज्नु भएको कुरा फेला पार्न सक्नुभएन?**

तपाईंका प्रश्नहरूका लागि कुनै पनि समय info@volunteeringvictoria.org.au मा स्वयंसेवा भिक्टोरिया टोलीलाई सम्पर्क गर्नुहोस्।

**Volunteering Victoria**
**वेबसाइट**

अग्रणी स्वयंसेवकहरू का लागि मार्गदर्शकहरू

स्वयंसेवक संलग्नताको लागि राष्ट्रिय मानक

प्रशिक्षण र कार्यशालाहरू
*(केही **निःशुल्क** प्रस्ताव गरिन्छन्)*

स्वयंसेवकको सुपरिवेक्षकहरूका लागि राष्ट्रिय ज्ञानको आधार

राष्ट्रिय ज्ञानको आधारः विकासका नीति र प्रक्रियाहरू

शासनका यात्राहरू
(Volunteering Queensland)

© Volunteering Victoria 2024. JUN 2024 (संस्करण 2) को समीक्षा गरियो। Volunteering Victoria is the state peak body for volunteering. ABN 79 378 017 212. यो लेख सामान्य जानकारी मात्र हो, कानूनी सल्लाह होइन। यदि तपाईं अनिश्चित हुनुहुन्छ भने, सधैँ तपाईंका आवश्यकताहरूका लागि एउटा कानूनी पेशेवरसँग परामर्श लिनुहोस्।. कानूनी सल्लाह प्राप्त गर्न, मार्गदर्शनका लागि, यहाँ हेर्नुहोस् Justice Connection - nfplaw.org.au

यो स्रोतलाई Polaron Language Service द्वारा अनुवाद गरिएको हो। तपाईंले यहाँ आफ्नो प्रतिक्रिया साझा गर्न सक्नुहुन्छ: https://feedbacknow.services/